**निर्णयहरु**

नि.नं १) प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन गरेको पाइयो ।

नि.नं २ ) प्रस्ताव नं २ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको घुम्ति बैठक निस्दी गाउँपालिकामा मिति २०७८।०९।०१ गते संचालन गर्ने सुचना अनुसार आवश्यक तयारी गर्ने निर्णय गरीयो । साथै बैठक संचालन खर्च बिबिध खर्च शिर्षक बाट भूक्तानी गर्ने निर्णय गरीयो ।

नि.नं ३ ) प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाँउपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन कार्यक्रम पौष १५ सम्ममा सम्पन्न गर्ने निर्णय गरीयो ।

नि.नं ४) प्रस्ताव नं ४ माथि छलफल गर्दा पशु शाखा अन्तरगत साझेदारी व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रमको लागी प्रस्ताव पेश भएका मध्ये तपशील अनुसारको फर्म छनौट गर्ने निर्णय गरीयो ।

| क.स | फर्मको नाम | कैफियत |
|---|---|---|
| १ | मनास्लु कृषि तथा पशुपन्छी फार्म , निस्दी १ | |
| २ | निस्दी पशुपन्छी फार्म , निस्दी ४ | |
| ३ | जे एस पशुपन्छी तथा कृषि फार्म , निस्दी ५ | |
| ४ | सारु पशुपन्छी तथा कृषि फार्म , निस्दी ५ | |
| ५ | प्रशंशा बाखा फर्म , निस्दी १ | |

नि.नं ५) प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयको बैंकिङ्ग कार्य गर्न ढुंगानाबेसीमा रहेको सनराइज बैंक मा असहज भएकोले यस गाउँपालिकामा शाखा विस्तार गर्न चाहने क बर्गको एन.आइ.सी एसीया बा अन्य बैंक लाई अनुमति प्रदान गर्ने निर्णय गरीयो ।

नि.नं ६) प्रस्ताब नं ६ माथि छलफल गर्दा यस गा.पाको आवधिक योजना सार्वजनिक गर्ने निर्णय गरीयो । सुरक्षित नागरीक आवास कार्यक्रम यथाशघ्र संचालन गर्ने निर्णय गरीयो । न्यो बहादुर सुनारीको क्रिया खर्च रु २५,००० आर्थिक सहयोग शिर्षकबाट सहयोग गर्ने निर्णय गरीयो । वडा नं १, २ र ३ मा मनसुनजन्य विपद्को कारण सवारी साधन अबरुद्ध भएकोमा गाउँपालिकाबाट डोजर सम्झौता गरी मर्मत गरीएकोमा मोटर बाटो मर्मत शिर्षक बाट भूक्तानी गर्ने निर्णय गरीयो । आ.ब २०७८।०७९ को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको योजना सम्झौता तथा भूक्तानी प्रत्येक हप्ताको सोमबार , मंगलबार र बुधबार गर्ने साथै बिहिवार र शुक्रबार योजना अनुगमन गर्ने निर्णय गरीयो ।

निस्दी गाउँ पालिका, पाल्पा

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner